# बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:०८२/०८३ मिति: २०८३/०३/०४

च.नं.:४८

---

श्री वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सामुदायिक विद्यालयहरु सबै

श्री शाखा प्रमुखहरु एवम कर्मचारीहरु सबै

श्री निर्माण व्यवसायीहरु, उपभोक्ता समितिहरु, संघसस्थाहरु, फर्महरु सबै

श्री सरोकारवालाहरु सबै

बर्दघाट नगरपालिका नवलपरासी (ब.सु.प.) ।

**विषय: भुक्तानी निकासा बन्द हुने समयसीमा सम्बन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगाडि भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी व्यवस्था भएकाले आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम/आयोजना अन्तर्गत यस बर्दघाट नगरपालिकासँग सम्झौता गरी भुक्तानी लिन बाँकी रहेका सम्पूर्ण सरोकारवालाहरुलाई मिति **२०८३/०३/१५** गतेभित्र यस कार्यालयमा भुक्तानी सम्बन्धी फाइल दर्ता गरी आफ्नो भुक्तानी रकम दावी गर्नुहुन अनुरोध छ । आर्थिक वर्षको अन्त्यतिर सुत्र प्रणालीमा हुने चाप तथा सर्भरमा हुने समस्या साथै संघ र प्रदेश सरकारसँग शोधभर्ना हुने रकम निकासा समयमा लिनुपर्ने व्यवस्था, हिसाब भिडान एवं भुक्तानी हुने चाप लगायतका कारणले मिति २०८३/०३/१५ पछि कार्यालयमा पेश भएका फाइलको भुक्तानी हुन नसकेमा स्वयं जिम्मेवार हुने र भुक्तानी नभएको कारणले कार्यालय जवाफदेही नहुने बेहोरा समेत सूचित गरिन्छ ।

**सादर अवगतार्थ:**

नगर-प्रमुख श्री शम्भुलाल श्रेष्ठ

नगर-उप प्रमुख श्री रुद्रप्रकाश उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत

बाबुराम पौडेल

प्रमुख प्रशासकीय अधिकृत